सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ७ बर्ष: ७ संख्या : ५९ मितिः बैशाख ३१ गते, २०८०

भाग- २

## सिद्दार्थनगर नगरपालिकाको छात्रवृत्ति कार्यान्वयन कार्यबिधि, २०८०

**प्रस्तावना,**

सिद्धार्थनगर नगरपालिका अन्तर्गत स्थायी बसोबास भएका **लुम्बिनी बौद्ध विश्वविद्यालयमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति** वितरण गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन गर्न बान्छनीय भएकोले सिद्धार्थनगर नगरपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ र स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी यो **सिद्दार्थनगर नगरपालिकाको छात्रवृत्ति कार्यान्वयन कार्यबिधि**, २०८० बनाइ जारी गरिएको छ।

### परिच्छेद - एक,
### प्रारम्भिक, सङ्क्षिप्त नाम

१. सङ्क्षिप्त नाम र परिभाषा : यो कार्यविधिको नाम **सिद्दार्थनगर नगरपालिकाको छात्रवृत्ति कार्यान्वयन कार्यबिधि, २०८०** रहेको छ।

२. यो **कार्यविधि** सिद्धार्थनगर नगरपालिका क्षेत्रभरी स्थायी ठेगाना भएका विद्यार्थीका लागि लागू हुनेछ।

३. यो **कार्यविधि यसै** सिद्धार्थनगर नगरपालिकाको नगरकार्यपालिकाको निर्णय पश्चात स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

## परिच्छेद - दुई,
## परिभाषा र अर्थ

४. **विषय र प्रसङ्गले** अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "**विद्यार्थी**" भन्नाले यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्न योग्य व्यक्तिलाई बुझाउँछ।

ख) "**विद्यालय**" भन्नाले सिद्धार्थनगर नगरपालिकाक्षेत्रभित्र संचालित सामुदायिक, संस्थागत, धार्मिक मदरसा र संस्कृत विद्याश्रम समेतलाई बुझाउँछ।

ग) "**समिति**" भन्नाले यस कार्यविधि बमोजिम **गठित छात्रवृत्ति छनौट, व्यवस्थापन तथा सिफारिस समितिलाई** बुझाउँछ।

घ) "**कार्यक्रम**" भन्नाले यस प्रयोजनमा छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रमलाई जनाउनेछ।

ङ) "**नगर शिक्षा शाखा**" भन्नाले सिद्धार्थगनर नगरपालिकाको शिक्षा, यूवा तथा खेलकूद शाखालाई बुझाउँछ ।

च) "**शिक्षा अधिकृत**" भन्नाले सिद्धार्थनगर नगरपालिकाको शिक्षा, यूवा तथा खेलकूद शाखाका अधिकृत कर्मचारी वा विद्यालय निरीक्षकलाई बुझाउँछ ।

छ) "**विषय विशेषज्ञ**" भन्नाले छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रमलाई थप व्यवस्थित बनाउन मनोनित गरिएको विज्ञ वा विशेषज्ञलाई बुझाँउछ ।

ज) "**कार्यालय**" भन्नाले यस प्रयोजनका लागि सिद्धार्थनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई बुझाउँछ।

झ) "**नगर शिक्षा प्रमुख**" भन्नाले सिद्धार्थनगर नगरपालिकाको शिक्षा, यूवा तथा खेलकूद शाखाका प्रमुखलाई बुझाउँछ ।

ञ) "**शिक्षण संस्था**" भन्नाले यो कार्यविधि कार्यान्वयनको प्रयोजनका लागि लुम्बिनी बौद्ध विश्वविद्यालयलाई बुझाउँछ।

## परिच्छेद - तीन,
## छात्रवृत्तिका लागि योग्यता सम्बन्धी व्यवस्था

५. छात्रवृत्ति पाउनको लागि आवश्यक योग्यता :

क) शैक्षिक संस्थामा नियमित अध्ययनरत भएको हुनुपर्नेछ,

ख) सिद्धार्थनगर नगरपालिकाभित्र स्थायी बसोबास भएको नेपाली नागरिक हुनुपर्नेछ,

ग) प्रचलित कानुनले अन्य कुनै अयोग्य नठहरिएको व्यक्ति हुनुपर्नेछ,

सिद्धार्थनगर नगरपालिका

## परिच्छेद - चार,

## छात्रवृत्ति छनौट, व्यवस्थापन तथा सिफारिस समिति

**६.** छात्रवृत्ति सिफारिस गर्नका लागि तपसिलको छात्रवृत्ति सिफारिस समिति रहनेछ।

| | |
|---|---|
| १) नगर प्रमुख | संयोजक |
| २) नगर उपप्रमुख | सदस्य |
| ३) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४) सामाजिक विकास समिति संयोजक | सदस्य |
| ५) नगर शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

**७.** छनौट तथा सिफारिस समितिमा नगरशिक्षा शाखाका कर्मचारी वा अन्य व्यक्तिलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

**८.** बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ । आवश्यकता र औचित्यका आधारमा समितिले सम्बन्धित विषयक्षेत्रको विषय विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

९. यस कार्यविधि बमोजिम छात्रवृत्ति उपलब्ध गराउनका लागि समितिले नगरपालिकाको कार्यालय समक्ष सिफारिस गर्नेछ । सोही आधारमा कार्यालयले छात्रवृत्ति उपलब्ध गराउनेछ ।

## परिच्छेद - पाँच,

### छात्रवृत्ति छनौट, व्यवस्थापन तथा सिफारिसका लागि आवश्यक कागजातहरू

छात्रवृत्ति प्राप्त गर्नका लागि तपसिलका कागजातहरू पेश गर्नुपर्नेछ ।

१. बैंक खाता नम्बर परिवारको पेशा र मोबाइल नं. समेत उल्लेख भएको आवेदन पत्र,

२. सम्बन्धित वडा कार्यालयबाट स्थायी बसोबास गरेको भन्ने सिफारिस पत्र,

३. शैक्षिक संस्थामा निरन्तर अध्ययनरत रहेको सिफारिस पत्र,

४. नेपाली नागरिकता वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि,

५. विद्यार्थी परिचयपत्रको प्रतिलिपि,

**६.** तोकिएका अन्य कागजपत्रहरू।

## **परिच्छेद -** छ,

## छात्रवृत्ति छनौट, व्यवस्थापन तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार

**९. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेकोछ :**

- छात्रवृत्ति सम्बन्धि आवश्यक मापदण्ड निर्धारण गर्ने ।
- समितिले नि:शुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति उपलब्ध गराउन प्रचलित ऐन, नियम बमोजिम कार्यहरू गर्ने ।
- छात्रवृत्ति व्यबस्थापन सम्बन्धि तोकेका अन्य कार्यहरू गर्ने गराउने।

## **परिच्छेद -** सात,

## छात्रवृत्ति रकम भुक्तानि प्रक्रिया

१०. विद्यार्थीले सम्बन्धित शिक्षण संस्थामा बुझाएको बिल रसिद तथा वार्षिक रूपमा तिरेको बिलको आधारमा यस कार्यालयबाट विनियोजित बजेट रकमको परिधि भित्र रही विद्यार्थी वा निजको अभिभावकको बैंक खातामा एकमुष्ट वा बिल अनुसार सो छात्रवृत्ति रकम उपलब्ध गराइनेछ।

## परिच्छेद - आठ,

## विविध

**११. बाधा अड्काउ फुकाउने अधिकार**: यस कार्यविधिमा उल्लेखित कुनै नियम कार्यान्वयनका सन्दर्भमा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार सिद्धार्थनगर नगरपालिकालाई रहनेछ ।

**१२. कार्यविधि संशोधन सम्बन्धी अधिकारः** कार्यविधिलाई व्यवस्थित र मर्यादित रूपमा सञ्चालन गर्नका लागि सिद्धार्थनगर नगरपालिकाको नगरकार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ

**१३. प्रचलित कानुन बमोजिम हुनः** कार्यविधिमा उल्लेखित नियमहरू पालना गर्नु सबै नागरिकको दायित्व हुनेछ साथै यस कार्यविधिमा उल्लेख नगरिएका विषयहरूको पालना नेपालको प्रचलित कानुन बमोजिम हुनेछ।

**१४. बचाउ तथा लागू नहुनेः** यस अधि प्रदान गरिएका छात्रवृत्ति यसै कार्यविधि बमोजिम भएको मानिनेछ । साथै यो कार्यविधि नेपाल सरकारको प्रचलित ऐन, कानून बमोजिम बाझिएको हकमा सो बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

**आज्ञाले-**
**नवराज पौड्याल**
**प्रमुख प्रशासकीय अधिकृत**